**लुम्बिनी साँस्कृतिक नगरपालिकाको तर्फबाट १७ औं बजेट नगरसभामा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री कल्पना हरिजन ज्यूबाट प्रस्तुत गरिएको आ.व. २०८३।८४ को प्रस्तावित बार्षिक बजेट तथा कार्यक्रम**

**यस सम्मानित नगरसभामा उपस्थित वडा अध्यक्षज्युहरु, कार्यपालिका सदस्यज्युहरु,सम्पुर्ण नगरसभाका सदस्य ज्युहरु, प्रमुख प्रशासकीय अधिकृतज्यु ,राष्ट्रसेवक कर्मचारी ज्यूहरु, पत्रकार एवं उपस्थित सम्पुर्ण सहभागि ज्यूहरु,**

लुम्बिनी साँस्कृतिक नगरपालिकाको १७ औ बजेट सभाको प्रस्तावित बजेट तथा कार्यक्रको छलफल समारोहमा हाम्रो आमन्त्रणलाई स्वीकार गरी उपस्थिती हुनु भएकोमा मेरो व्यक्तिगत तथा नगरपालिका बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु । साथै यो ऐतिहासिक अवसर जनमत मार्फत मलाई प्राप्त भएकोमा म आफूलाई असाध्यै भाग्यमानी ठानेको व्यहोरा समेत यो जनताको प्रतिनिधिमुलक गरिमामय नगरसभा समक्ष अनुरोध गर्दै यो अवसरमा सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धा सुमन समेत प्रकट गर्दछु ।

**श्रद्धेय नगर सभाका सदस्य ज्यूहरु,**

नेपालको संविधान, राष्ट्रिय आवश्यकता तथा प्राथमिकता, दिगो विकासका लक्ष्य, स्थानीय आवश्यकता तथा प्राथमिकता समेतलाई मध्यनजर गरी आर्थिक बर्ष ०८३।८४ को विभिन्न वडा, विषयगत शाखा तथा कार्यपालिकाबाट स्वीकृतिका लागि पेश भएका विभिन्न योजना तथा कार्यक्रम तथा समग्र आय व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक वर्ष ०८३।८४ को समग्र आय व्ययको विवरण**

संघीय सरकार समानिकरण अनुदान अन्तर्गत रु १७ करोड ६१ लाख, राजश्व बाँडफाँड तर्फ १५ करोड ३० लाख ६७ हजार, नेपाल सरकार सशर्त अनुदान एसियाली विकास बैंक र विश्व बैंक तर्फ समेत १ अर्ब ३ करोड ३८ लाख , सडक बोर्ड तर्फ ३० लाख यसै गरी प्रदेश सरकार समानीकरण अनुदान तर्फ १ करोड २२ लाख ३७ हजार, राजश्व बाँडफाँड तर्फ १ करोड ४८ लाख १९ हजार, प्रदेश सरकार सशर्त अनुदान तर्फ २ करोड ३५ लाख ७५ हजार र विषेश अनुदान तर्फ २० लाख हुने अनुमान गरिएको छ ।साथै नगरपालिकाको आन्तरिक श्रोत १० करोड, घरजग्गा रजिष्ट्रेशन शुल्कको ४ करोड ६० लाख, नगर विकास कोष तर्फ १३ करोड २० लाख र बैङ्क मौज्दात ३ करोड, संघीय सरकार समपुरक अनुदान तर्फ २ करोड १३ लाख र प्रदेश सरकार समपुरक अनुदान तर्फ १ करोड २० लाख गरी १ अर्ब ७५ करोड ७८ लाख ७३ हजार आय अनुमान गरिएको छ भने सोही बराबरको व्यय हुने अनुमान गरिएको छ ।

**श्रदेय नगरसभा सदस्य ज्युहरु,**

अब म आर्थिक बर्ष ०८३।८४ का मुख्य मुख्य कार्यक्रमहरुको बारेमा यस सम्मानित नगरसभामा जानकारी गराउन चाहन्छु ।

- एसियाली विकास बैङ्क, नगरविकास कोष र नगरपालिकाको साझेदारीमा निर्माण हुने नगरपालिकाको प्रशासकिय भवन , बसपार्क निर्माण र पहुँच बाटो निर्माणका लागि ७३ करोड ३४ लाख विनियोजन गरेको छु ।
- मोग्लाहा मोहसड हुँदै सरसफाई अध्ययन केन्द्र तथा हरित पार्क जाने बाटो निर्माणका लागि रु २ करोड ८६ लाख विनियोजन गरेको छु ।
- लुम्बिनी साँस्कृतिक नगरपालिकामा वृहत्तर लुम्बिनी क्षेत्र विकास कार्यक्रमका लागि ९ करोड
- वडा नं ६ लुम्बिनी रोड सुजन्डिहवा हुँदै मोग्लाहा जोड्ने र कपिलवस्तु रोड हुँदै नगर अस्पताल जाने बाटो निर्माणका लागि रु १ करोड ४० लाख विनियोजन गरेको छु ।
- हुलाकी सडक देखि अमारी शिवलवा जाने सडक कालोपत्रे लु सा न पा ६ को लागि २ करोड ४० लाख विनियोजन गरेको छु ।
- सु कन्या विमा धन योजनाका लागि रु ८० लाख
- मर्मत सम्भार कोषका लागि रु १५ लाख
- मेयर ब्लड कार्यक्रमका लागि रु ५ लाख
- मधुवनी माध्यामिक विद्यालयमा भवन निर्माण लु सा न पा १० को लागि रु २० लाख विनियोजन गरेको छु ।

अन्त्यमा यस नगरपालिकाले अघि सारेको दीर्घकालिन सोच, लक्ष्य,उद्धेश्य, प्राथमिकता, नीति तथा कार्यक्रमको यो भूमिकामा सहयोग पुऱ्याउने विकास प्रेमी आम नागरिक, राजनैतिक एवं बौद्धिक वर्ग र समाजसेवीहरुको व्यापक सहभागिता र परामर्शमा समस्त आर्थिक, सामाजिक, भौतिक तथा वातावरणीय विकासका साझा सहमतिको प्रतिवद्धताका साथ नगर कार्यपालिकाबाट सिफिरस भई आएका योजनाहरु स्वीकृति पश्चात कार्यान्वयनमा सक्रिय सहभागि भईदिनुहुन सबै नगरसभासदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी मित्र, संघ संस्थाहरुलाई सृजनात्मक, सकारात्मक, रचनात्मक सहयोगको लागि अनुरोध गर्दै म बजेट तथा कार्यक्रम समितिका पदाधिकारी, विषयगत समितिका पदाधिकारीहरु, बुद्धिजिबी, समाजसेवी, शिक्षक प्रध्यापक, राष्ट्रसेवक कर्मचारी , पत्रकार लगायत सबैलाई हार्दिक धन्यवाद दिदै सदस्य ज्यूहरुको ओजपूर्ण एवं गरिमामय सहभागिता र छलफलबाट आर्थिक बर्ष ०८३।८४ को बार्षिक बजेटमाथि छलफल भई पारित हुनेछ भन्ने अपेक्षाका साथ छलफलमा सक्रिय सहभागिताको लागि अनुरोध गर्दै विदा हुन चाहन्छु । धन्यवाद

कल्पना हरिजन
बजेट तथा कार्यक्रम तर्जुमा समिति
संयोजक